REGIONAL NEWS UNIT

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS BULLETIN

BROADCAST: 18:40 hrs

Date: 08.10.2024

- Circular

नाम्चीको जिल्लाधीश कार्यालयले आज एउटा परिपत्र जारी गर्दै भनेको छ, स्थानीय व्यापारसहित होटल, रेस्टुरेन्ट, स्नोकर रूम अनि अन्य यस्ता स्थानहरूमा अबउसो विद्यालय अवधि विद्यार्थीहरूलाई प्रवेशको अनुमति दिन पाइनेछैन।

परिपत्रमा भनिएअनुसार विद्यालय अवधि यी स्थानहरूमा केही विद्यार्थीहरू रहेको पाइएको थियो, जुन गम्भीर चिन्ताको विषय हो। यसले विद्यार्थीहरूको शैक्षिक प्रगतिमा प्रभाव पार्नका साथै उनीहरूको उमेर र भलाइको हिसाबले उचित वातावरण नहुने कुराको उजागर गर्नेछ।

जिल्ला प्रशासनद्वारा अचानज गरेको जाँच अवधि कुनै पनि विद्यार्थीहरूलाई यी स्थानहरूमा पाइएको खण्डमा विद्यमान नियमअनुसार स्थानीय व्यवसायका मालिकहरू विरूद्ध कड़ा कानूनी कार्यवाही गरिनेछ।

--------------------------------------X--------------------------------------

- Atal Pension Scheme

अटल पेन्शन योजनाअन्तर्गत अहिलेसम्ममा सात करोड़भन्दा अधिक नामाङ्कन भइसकेको छ। पेन्शन कोष नियामक तथा विकास प्राधिकरणद्वारा आज जारी आंकड़ाअनुसार चालू वित्त वर्षमा अहिलेसम्ममा छप्पन लाखभन्दा अधिक नामांकन भइसकेका छन्। अटल पेन्शन योजना असंगठित क्षेत्रका श्रमिकहरूका लागि योगदानको आधारमा प्रति महिना एक हजारदेखि पाँच हजार रूपियाँको पेन्शन प्रदान गर्ने एउटा सामाजिक सुरक्षा योजना हो। यसको शुभारम्भ 2015-मा भएको थियो।

--------------------------------------X--------------------------------------

- NCPCR

राष्ट्रिय बाल अधिकार संरक्षण आयोग (NCPCR) अनि सिक्किम राज्य बाल अधिकार संरक्षण आयोग (SCPCR)-को सहकार्यमा आज गान्तोकको मनन केन्द्रमा राज्यस्तरीय बालश्रम रोकथाम अधिनियमका प्रावधानहरूबारे सचेतनामूलक कार्यशाला आयोजना भयो।

कार्यशालालाई सम्बोधन गर्दै मुख्य अतिथि एवं सिक्किम राज्य बाल अधिकार संरक्षण आयोगकी अध्यक्ष श्रीमती दीपा खत्रीले बालश्रमलाई जघन्य अपराध बताउँदै समाजबाट बालश्रमलाई पूर्णरूपमा निर्मूल पार्न सबैले मिलेर काम गर्नुपर्ने कुरामाथि जोड दिनुभयो। उहाँले भन्नुभयो, सबै विभाग, संघ-संस्था र आम मानिसले यो समस्याको निदानका लागि मिलेर प्रयास गर्नुपर्छ। नानीहरू भनेको देशका भविष्य हुन् र भविष्यको संरक्षण गर्नु र उचित शिक्षा दिनु हामी सबैको कर्तव्य हो। उहाँले राज्यमा बालश्रमलाई नियन्त्रण गर्न पुलिस विभागले गरेका कार्यहरूको प्रशंसा गर्नुभयो।

आयोगका उपनिदेशक श्री इन्द्रप्रसाद शर्माले बालश्रम रोकथाम अधिनियमका प्रावधानहरूबारे विस्तृत रुपमा जानकारी दिनका साथै बालश्रमलाई राष्ट्रको विकासमा अभिशाप बताउनुभयो अनि भन्नुभयो, यसको रोकथाम हुन अति आवश्यक छ।

---------------------------------------X---------------------------------------

- BBBP Program

बेटी बचाओ बेटी पड़ाओ पहलअन्तर्गत दश दिवसीय कार्यक्रमको एक भागको रूपमा महिला तथा बाल विकास विभागले आज पाकिम जिल्लाको न्यौपाने गाउँस्थित एकीकृत बाल विकास सेवा (ICDS) केन्द्रमा जागरूकता मूलक कार्यक्रम आयोजन गऱ्यो।
यसअवधि विभागकी उपनिदेशक एवं सामाजिक कल्याण अधिकारी श्रीमती डिकित लेप्चाले बालिकाहरूलाई सशक्त बनाउनुको महत्त्वमाथि प्रकाश पार्दै दश दिवसीय कार्यक्रमको विस्तृत जानकारी प्रदान गर्नुभयो। यो कार्यक्रम एघार अक्टोबर अन्तरराष्ट्रिय बालिका दिवसको अवसरमा समापन हुनेछ।
कार्यक्रममा ICDS-का बालिकाहरूले पारम्परिक फेसन सो र ramp walk प्रस्तुत गरे। सिक्किमका तीन जातीय समुदायका परम्परागत पहिरन लगाएर नानीहरूले उत्साहपूर्वक

कार्यक्रममा भाग लिए। यस गतिविधिले युवाहरूलाई आफ्नो राज्यको विविध सांस्कृतिक पोशाकको बारेमा जान्ने र प्रशंसा गर्ने अवसर प्राप्त भएको छ।

-------------------------------------------X-------------------------------------------

- SDM Inspects Naga Ward

चुङथाङका महकुमा अधिकारी श्री अरून छेत्रीको नेतृत्वमा रहेको टोलीले आज नागा वार्डको निरीक्षण गऱ्यो। मंगनका खण्ड विकास अधिकारी श्री कैलाश थापा पनि रहनुभएको टोलीद्वारा भ्रमण गरिनुको उद्देश्य चालू विकास कार्यको प्रगतिको मूल्याङ्कन गर्नुका साथै पर्यावरणीय सरोकारलाई सम्बोधन गर्नु र नागावासीलाई असर गर्ने स्थानीय समस्याको मूल्याङ्कन गर्नु थियो।
विकास र पर्यावरणीय सरोकारका विभिन्न पक्षहरूलाई सम्बोधन गरिएको सुनिश्चित गर्न यस बहु-अनुशासनात्मक टोलीको गठन गरिएको थियो।
निरीक्षण भ्रमणअवधि नागा वार्डमा विकासात्मक आवश्यकता र पर्यावरण संरक्षण दुवै विषयलाई सम्बोधन गर्न तथा विकासका लागि सन्तुलित दृष्टिकोण सुनिश्चित गर्नमा रहेको जिल्ला प्रशासनको प्रतिबद्धतामाथि प्रकाश पारियो।

-------------------------------------------X-------------------------------------------

- Play Ground Inauguration

मंगनका जिल्ला अध्यक्ष श्री कादो लेप्चाले आज यस जिल्लाको लबीमा नवनिर्मित खेल मैदानको उदघाटन गर्नुभयो। श्री लेप्चाको मुख्य आतिथ्यमा सम्पन्न कार्यक्रममा पञ्चायत सदस्य लगायत आम नागरिकको उपस्थिति थियो।
उहाँले आफ्नो सम्बोधनमा समिति अनि विशेषगरी युवा जमातलाई यो कार्यक्रम आयोजन गरेकोमा धन्यवाद दिँदै आवश्यक परेको खण्डमा सहयोग प्रदान गर्ने आश्वासन दिनुभयो।
यस अवसरमा खेलाइएको दिवाली फुटबल प्रतियोगिताको उदघाटनीय खेलमा दुईवटा खेल खेलाइए। यस खेलमा तुमलोङको ओङदी छी-ले Five Star-माथि र लबीको क्योङ चोकीले नानडोक टिममाथि विजय हासिल गऱ्यो।

-------------------------------------------X-------------------------------------------

- Sports

सिक्किम क्रिष्टियन खेलकुद समिति दश अक्टोबरदेखि दशौं चरणको सिक्किम अन्तर चर्च स्वर्ण कप फुटबल प्रतियोगिता 2024-को आयोजन गर्न पूर्ण रूपले तयार भएको छ।

यहाँको पाल्जोर स्टेडियममा फ्लड लाइटमा खेलाइने प्रतियोगिताको शुभारम्भ यसै महिनाको तेह्र तारिक साँझबाट हुनेछ। यसबारेमा आज आयोजित पत्रकार सम्मेलनलाई सम्बोधन गर्दै समितिका अध्यक्ष श्री पेट्रिक प्रधानले बताएअनुसार दार्जीलिङको एउटा टोलीसहित प्रतियोगितामा कुल बीसवटा दलले भाग लिनेछन्। प्रतियोगिताको उदघाटनीय खेलमा HFC राङ्काको भिड़न्त सिलोह चर्च, छुबासित हुनेछ।

---------------------------------------X---------------------------------------